# "सामुदायिक विद्यालयमा करार कम्प्युटर अपरेटर व्यवस्थापन कार्यविधि, २०७८"

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०९।३०

<u>प्रस्तावना</u> : छायाँनाथ रारा नगरपालिका भित्रका सार्बजनिक सामुदायिक विद्यालयहरुमा कक्षागत कम्प्युटर विषयको पठनपाठन संचालनमा रहेकाले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सामुदायिक विद्यालयमा प्रयोगात्मक विहिन प्रविधि र कम्प्युटर शिक्षालाई प्रभावकारी र पारदर्शी ढंगले परिचालन गरी सम्बोधन गर्न बाञ्छनीय भएकाले छायाँनाथ रारा नगरपालिकाको शिक्षा ऐन, २०७४ को अधिनमा रही छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

<u>१. संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालयमा करार कम्प्युटर अपरेटर व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

<u>२. परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यक्रम" भन्नाले समितिबाट निर्धारित प्राथमिकता क्षेत्रमा कार्यान्वयन गरिने कार्यक्रम सम्झनु पर्दछ ।

(ख) "शिक्षा शाखा" भन्नाले युवा, खेलकुद तथा शिक्षा शाखा सम्झनु पर्दछ ।

(ग) "सार्वजनिक शैक्षिक संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा व्यवस्थापनमा संचालित प्रारम्भिक बाल शिक्षा वा बालबिकास केन्द्र, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्नका निम्ति प्रचलित कानुन बमोजिम स्थापना भई संचालनमा रहेका शैक्षिक संस्था सम्झनु पर्नछ ।

(घ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानीमा संचालित विद्यालय सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिम समुदायबाट संचालित सामुदायिक विद्यालयको रुपमा रहेको समेत विद्यालय जनाउँछ ।

(ङ) "स्थानिय तह" भन्नाले छायाँनाथ रारा नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(छ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयल र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ज) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्दलाई सम्झनु पर्दछ ।

(झ) "इकाई" भन्नाले शिक्षा विकास तथा समन्वय इकाईलाई सम्झनु पर्दछ ।

(ञ) "वि.व्य.स." भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ट) "अध्यक्ष" भन्नाले नगर शिक्षा समितिको अध्यक्षलाई जनाउछ सो शब्दले विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई समेत जनाउछ ।

(ठ) "नगर अनुदान" भन्नाले सामुदायिक विद्यालयका विभिन्न तहमा कार्यरत करार कम्प्युटर अपरेटर व्यवस्थापनका लागि विद्यालयलाई प्रदान गरिने रकमलाई जनाउछ ।

(ड) "प्रधानध्यापक" भन्नाले विद्यालय संचालनको मुख्य जिम्बेवारी तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ढ) "छनौट समिति" भन्नाले सामुदायिक विद्यालयमा करार कम्प्युटर अपरेटर नियुक्त गर्न प्रचलित ऐन, नियम बमोजिम विद्यालय स्तरिय समितिलाई जनाउछ ।

(ञ) "कम्प्युटर अपरेटर" भन्नाले छायाँनाथ रारा नगरपालिका, वडा कार्यालय वा अन्य सरकारी तथा गैह्र सरकारी निकायबाट स्रोत व्यवस्थापन भई पारिश्रमिक पाउने गरी नगरपालिकाबाट अनुमति प्रदान भई हाल कार्यरत वा नब नियुक्त करार कम्प्युटर अपरेटरलाई सम्झनु पर्दछ ।

## परिच्छेद-१

**३. कम्प्युटर अपरेटर व्यवस्थापनको उद्देश्य तथा क्षेत्र** : (१) सामुदायिक विद्यालयमा करार कम्प्युटर अपरेटर व्यवस्थापनको उद्देश्य देहाए बमोजिम हुनेछ ।

(२) विद्यालयमा कम्प्युटर विषय अध्ययन हुने भएको हुँदा पठनपाठनमा सहजता ल्याउन ।

(३) विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नमा सघाउ पुग्ने ।

(४) शैक्षिक बेरोजगारलाई रोजगारीको अवसर प्रदान गर्न ।

(५) विद्यालयको शिक्षक अभावलाई आंशिक रुपमा परिपुर्ति गर्न ।

(६) कम्प्युटर शिक्षालाई समय अनुसार सिप तथा प्रविधि संग जोड्न

**४. कम्प्युटर अपरेटर छनौट समिति सम्वन्धी व्यवस्था** : (१) छायाँनाथ रारा नगरपालिकाको शिक्षा नियमावली, २०७४ को नियम ५४ बमोजिमको छनौट समिति रहने छ ।

**५. समितिको काम कर्तव्य र अधिकार** : (१) समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(२)

## परिच्छेद-२

## <u>संख्या निर्धारण, छनौट तथा नियुक्ति सम्बन्धी व्यवस्था</u>

<u>**६. संख्या निर्धारण**</u> : विद्यालयको आवाश्यक्ता महशुस गरी नगरपालिकाको स्रोतबाट व्ययभार हुने गरी सार्वजनिक विद्यालयमा कार्यपालिकाको निर्णय अनुसार स्वीकृत गरिएको करार कम्प्युटर अपरेटर पदपुर्ति गर्नु पर्नेछ ।

<u>**७. आवेदन संकलन**</u> : दफा ६ बमोजिम कार्यपालिकाबाट स्वीकृत अपरेटर पदमा काम गर्नका लागि विद्यालयले नगरपालिकाबाट अनुमति लिई आवेदन माग गर्नु पनेछ ।

<u>**८. आवेदन सम्बन्धी व्यवस्था**</u> : (१) विद्यालयले करार कम्प्युटर अपरेटरको रुपमा सेवा गर्न चाहने उम्मेदवारले आवेदन दिने प्रयोजनको लागि कम्तिमा १५ दिनको म्याद दिई सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) रित नाघि आएका आवेदन उपर कुनै पनि कारवाही गरिने छैन ।

<u>**९. शैक्षिक योग्यता**</u> : (१) कम्प्युटर अपरेटर हुन देहायबमोजिमको योग्यता हुनु पर्ने छ ।

(क) नेपाली नागरिक,

(ख) १८ बर्ष पुरा गरी ४० बर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा देहायबमोजिम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ,

आधारभूत तहका लागि प्रवीणता प्रमाणपत्र वा सो सरह उर्तीण गरेको,

माध्यमिक तहका लागि स्नात तह वा सो सरह उर्तीण गरेको,

(घ) शिक्षक अध्यापन अनुमतिपत्र लिईएको,

(ङ) कम्प्युटरमा डिप्लोमा कोर्ष पूरा गरेको प्रमाणपत्र,

(च) निरोगीताको प्रमाणपत्र,

(छ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

(ज) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(झ) दफा ९ को उपदफा (घ) मा जे भनियता पनि विद्यालयको आवाश्यत्ता पूर्तिगर्न कम्प्युटर अपरेटर पदका लागि शिक्षक अध्यापन अनुमतिपत्र नभएमा उम्मेदवार बन्न बाधा हुने छैन ।

<u>**१०. पाठ्यक्रम**</u> : (१) परीक्षा छनोट समितिको अनुमतिमा विषयगत विज्ञले आफै निर्माण गर्न सक्नेछ ।

<u>**११. नियुक्ति**</u> : (१) परीक्षा छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति दिई समर्थना लागि शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

(२) नियुक्ति भएको उम्मेदवारले ३ दिन भित्र विद्यालयमा हाजिर भई शिक्षण कार्य प्रारम्भ गर्नु पर्नेछ । सो अबधिभर शिक्षण कार्य प्रारम्भ नगरेमा नियुक्ति स्वतः बदर हुनेछ ।

(३) नियुक्त उम्मेदवारले कुनै कारणबस अवधिपुरा नहुदै सेवा छाड्नु परेमा १ महिना अगवै सम्बन्धीत विद्यालयमा जानकारी दिनु पर्नेछ । अन्याथा १ महिनाको तलव निकासा गरिने छैन ।

(४) सो पद रिक्त हुन गएमा छनौट समितिले बैकल्पिक उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछ ।

<u>**सरुवा**</u> : विद्यालयको आवाश्यकताको आधारमा नगरपालिका भित्रका सामुदायिक विद्यालयमा नगर शिक्षा समितिका अध्यक्षको अनुमति लिई शिक्षा अधिकृतले सरुवा गर्न सक्ने छ ।

<u>**१२. काम कर्तव्य र अधिकार**</u> : छायाँनाथ रारा नगरपालिकाको शिक्षा नियमावली, २०७४ बमोजिम हुनेछ ।

<u>**१३. शिक्षक पदमुक्त हने अवस्था**</u> : कम्प्युटर अपरेटरलाई देहाएको अवस्थामा वि.व्य.स.को सिफारिसमा नगर शिक्षा समितिका अध्यक्षको अनुमति लिई शिक्षा अधिकृतले पदमुक्त गर्न सक्नेछ :

(क) सम्झौता बमोजिम अबधि समाप्त भएमा,

(ख) स्वेच्छिक रुपमा अवकाश लिने इच्छा गरी प्रधानध्यापक समक्ष १ महिना पूर्व लिखित निवेदन दिएमा,

(ग) सारीसरक अस्वस्थताका कारण विद्यालयमा उपस्थित भई कामकाज गर्न असमर्थ भएमा,

(घ) खराव आचरण प्रदर्शन गरेमा,

(ङ) विना सूचना ७ दिन सम्म विद्यालयमा अनुपस्थित रहेमा,

(च) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा,

तर त्यसरी हटाउनु अघि निजलाई १ पटक सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद-३

<u>**१४. कम्प्युटर अपरेटरको सेवा शर्त**</u> :

(१) कम्प्युटर अपरेटरको कार्य अवधि ६ महिनाको हुनेछ ।

(२) कम्प्युटर अपरेटरले नियुक्ति भएको विद्यालयमा नियमित उपस्थित भई तोकिएको विषयमा नियमित शिक्षण गर्नु पर्नेछ ।

(३) नियुक्ति समाप्त भए पश्चात आवाश्यकताको आधारमा कार्य सम्पन्न हेरी नगर शिक्षा समितिको निर्णय बमोजिम निरन्तरता दिन सकिनेछ ।

(४) मासिक पारिश्रमिक लगाएत अन्य थप सेवा सुविधाको हकमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१५. पाउने विदा : नगरपालिका करार कम्प्युटर अपरेटरले देहाएबमोजिम बिदा पाउँने छन,

(क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन भैपरी वा पर्व बिदा।

(ख) आफ्नो रित र परम्परा अनुसार बढीमा पन्ध्र दिन किरिया बिदा ।

## परिच्छेद-४

## विविध :

१६. पालना गर्नुपर्ने आचार संघिता : कम्प्युटर अपरेटरले देहाएबमोजिमको आचार संघिता पालना गर्नु पर्नेछ :

(क) आफुले गरेको सम्झौता अनुसार कार्य इमान्दारीपुर्वक सम्पन्न गर्नु पर्नेछ,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालय आए गएको समय जनाई हाजिर गर्नु पर्नेछ र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(ग) कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने,

(घ) नगरपालिकाको विद्यमान नीतिर व्यवस्थाको प्रतिकुल हुने गरी काम गर्न नहुने,

(ङ) कुनै राजनैतिक दलको गतिविधिमा संलग्न नहुने,

(च) इमान्दारीता, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्नुपर्ने,

१७. अनुगमन तथा प्रतिवेदन व्यवस्था : (१) कम्प्युटर अपरेटरले गरेको कार्यको नियमित अनुगम सम्बन्धीत विद्यालयको प्रधानध्यापक हुनेछ,

(२) प्रधानध्यापकले उपदफा (१) बमोजिम अनुगमन प्रतिवेदन चौमासिक रुपमा नगरपालिका शिक्षा शाखामा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिको प्रतिबेदन आवाश्यकता अनुसार स्रोतव्यक्ति वा शिक्षा शाखाबाट खटिएको प्रतिनिधिबाट पून अनुगमन गर्न सकिने छ ।

**१८. कम्प्युटर अपरेटर छनौट व्यवस्थापन खर्च** : छनौट सम्बन्धी कार्यमा लाग्ने खर्च सम्बन्धीत विद्यालयले नै व्यवस्थापन गर्नु पर्नेछ ।

२०. अन्य : यस कार्यविधि बाहेकका प्रावधानहरु छायाँनाथ रारा नगरपालिकाको शिक्षा नियमावली, २०७४ र शिक्षा ऐन २०७५ एंव कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।